घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ६३औं बैठकको निर्णयहरु

मिति २०८३।०४।०९

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८३।३।१९ गते बसेको गाउँ कार्यपालिकाको ६२औं बैठकको समिक्षा गरियो । कार्यपालिकाको ६२औं बैठकमा गाउँसभाको १८औं बैठकको विस्तृत कार्यसूची, गाउँसभामा पेश हुने आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, २०८३, आर्थिक विधेयक, २०८३, विनियोजन विधेयक, २०८३ लगायत अन्य विविध प्रस्तावहरुका बारेमा छलफल भई निर्णय भएको र सोही बमोजिम यस घरपझोङ गाउँपालिकाको गाउँसभाको १८औं अधिवेशन सम्पन्न भयो ।

**प्रस्ताव नं. २ :-**

विषयगत समितिहरु सम्बन्धमा ।

**निर्णय नं. २ :-**

यस घरपझोङ गाउँपालिका अन्तर्गतका विभिन्न विषयगत समितिहरुको पदाधिकारीहरुका सम्बन्धमा छलफल गरियो । १) स्थानीय राजश्व परामर्श समिति र २) अनुगमन तथा सुपरिवेक्षण समितिलाई तपसिल बमोजिम गठन गर्ने र अन्य सबै समितिका सदस्यहरु यथावत रहने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

१) स्थानीय राजश्व परामर्श समिति

| | |
|---|---|
| संयोजक | : श्री जमुना थापा मगर, उपाध्यक्ष |
| सदस्य | : प्रमुख प्रशसकीय अधिकृत |
| सदस्य | : श्री रोजी थकाली, गाउँ कार्यपालिका सदस्य |
| सदस्य | : श्री मणि वि.क. गाउँ कार्यपालिका सदस्य |
| सदस्य | : प्रतिनिधि, स्थानीय उद्योग वाणिज्य संघ |
| सदस्य सचिव | : राजश्व शाखा प्रमुख |

२) अनुगमन तथा सुपरिवेक्षण समिति

| | |
|---|---|
| संयोजक | : श्री जमुना थापा मगर, उपाध्यक्ष |
| सदस्य | : श्री भिषण थकाली, गाउँ कार्यपालिका सदस्य |
| सदस्य | : श्री बुद्ध हिराचन, गाउँ कार्यपालिका सदस्य |
| सदस्य सचिव | : योजना तथा अनुगमन इकाई प्रमुख |

**प्रस्ताव नं. ३**

आर्थिक आ.ब. २०८३।८४ को पूर्वाधार तर्फका योजनाहरुको फरफारक सम्बन्धमा ।

०८३/०४/०९

मोहन सिंह लालचन

प्रशासकीय अधिकृ

निर्णय नं. ३ :-

गत आर्थिक वर्ष २०८१।८२ मा बजेट विनियोजन भई सम्पन्न भएका तपसिल बमोजिमका गुनासो निकायका योजनाहरुका बारे छलफल गरि फरफारक गरियो।

तपसिल :-

| क.सं. | कार्यक्रम/योजनाको नाम | कार्यान्वयन हुने स्थान | विनियोजन | खर्च रकम | [illegible] |
|---|---|---|---|---|---|
| १ | वडा नम्बर १, २, ३ र ५ मा खुल्ला व्यायमशाला निर्माण तथा फिटिङ | विभिन्न स्थान | २३००००० | १५३०४७८ | |
| २ | छैरो सिंचाई कुलो निर्माण | घरपझोङ गा.पा.-१ | ८००००० | ८००००० | |
| ३ | छैरो सामुदायिक भवनमा कम्पाउण्ड निर्माण, बत्ती, पानी मर्मत | घरपझोङ गा.पा.-१ | ५००००० | ४८५००० | |
| ४ | छैरो आमा समूहलाई फर्निचर र अन्य सामाग्री खरिद तथा व्यवस्थापन | घरपझोङ गा.पा.-१ | ३००००० | २९९०२२ | |
| ५ | चिमाङ क्यूथाङ देखि स्वास्थ्य चौकी हुँदै सोको ध्युङ सम्म कृषि सडक स्तरोन्नती | घरपझोङ गा.पा.-१ | ६००००० | ५९७८३९ | |
| ६ | चिमाङ सिंचाई कुलो निर्माण | घरपझोङ गा.पा.-१ | ११००००० | ११००००० | |
| ७ | चिमाङ सामुदायिक भवन मर्मत तथा ढल व्यवस्थापन | घरपझोङ गा.पा.-१ | ३००००० | ३००००० | |
| ८ | छैरो गाउँभित्र थप सडक बत्ती विस्तार | घरपझोङ गा.पा.-१ | १००००० | ९९३१२ | |
| ९ | मार्फा फार्मखोलामा सिंचाई पोखरी निर्माण तथा व्यवस्थापन गर्ने | घरपझोङ गा.पा.-२ | २०००००० | १९७८३६८ | |
| १० | मितेरी पार्क तथा एप्पल पार्कमा थप पर्यटन पूर्वाधार निर्माण तथा मर्मत गर्ने | घरपझोङ गा.पा.-२ | १०००००० | १०००००० | |
| ११ | दलित बस्ती देखि तोल्लो काङनी सम्म छपनी बिच्याउने कार्य | घरपझोङ गा.पा.-२ | १०००००० | १०००००० | |
| १२ | मार्फा सभागृह भवनको छानामा रंगरोगन तथा पेटी मर्मत गर्ने कार्य | घरपझोङ गा.पा.-२ | ५००००० | ३३६००० | |
| १३ | स्याङ खेतबारी वरीपरी तारजाली लगाउने | घरपझोङ गा.पा.-३ | ७००००० | ७००००० | |
| १४ | टसी ल्हखाङ गुम्बामा छपनी बिच्याउने | घरपझोङ गा.पा.-३ | २००००० | २००००० | |
| १५ | पुलचोकमा सिंचाई कुलो निर्माण | घरपझोङ गा.पा.-३ | ३००००० | ३००००० | |
| १६ | छेकोङ सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन | घरपझोङ गा.पा.-३ | १००००० | ९९५२४ | |
| १७ | छेकोङ साउना बाथमा भवन निर्माण | घरपझोङ गा.पा.-३ | ८००००० | ७८७७५२ | |
| १८ | लोपेन कुजेनमा बत्ती बाल्ने, तपस्या गर्ने भवन निर्माण तथा सौन्दर्यता पार्क निर्माण | घरपझोङ गा.पा.-४ | १५००००० | १५००००० | |
| १९ | जोमसोम खेतबारी संरक्षण ढोका तथा तारजाली मर्मत | घरपझोङ गा.पा.-४ | ४००००० | ४००००० | |
| २० | खेतबारीमा गेट निर्माण तथा मर्मत, ठिनी | घरपझोङ गा.पा.-५ | ५००००० | ५००००० | |
| २१ | ठिनी खेल मैदान निर्माण | घरपझोङ गा.पा.-५ | १५००००० | १५००००० | |
| २२ | ढुम्बा समाज घरमा छपनी बिच्याउने | घरपझोङ गा.पा.-५ | ७००००० | ७००००० | |
| २३ | भ्रा घेम तथा ठिनी कृषि सडक स्तरउन्नती | घरपझोङ गा.पा.-५ | ५००००० | ५००००० | |
| २४ | सम्ले सिंचाई कुलो निर्माण तथा सिमसार क्षेत्र व्यवस्थापन | घरपझोङ गा.पा.-५ | ४००००० | ४००००० | |
| २५ | मुक्तिनमुना ECD कक्षा कोठा जाने बाटो मर्मत, ठिनी | घरपझोङ गा.पा.-५ | ३००००० | २९९६२९ | |

८२।०४।०१

... सिंह लालचन ... प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २६ | कुल्नी बिच्छ्याउने योजना ठिनी | घरपझोङ गा.पा.-५ | ३००००० | ३००००० |
| २७ | छैरो खेल मैदान निर्माण, छैरो | घरपझोङ गा.पा.-१ | १०००००० | १०००००० |
| २८ | पिसाङ पार्किङ स्थल निर्माण | घरपझोङ गा.पा.-१ | १०००००० | ९९९९९९ |
| २९ | कृषकहरुका लागि कोल्डस्टोर निर्माणको लागि अनुदान घरपझोङ-२, मुस्ताङ | घरपझोङ गा.पा.-२ | २०००००० | १९९९९५४ |
| ३० | स्याङ खोला नियन्त्रण तटबन्धन योजना, स्याङ | घरपझोङ गा.पा.-३ | २०००००० | २०००००० |
| ३१ | काठेपुल देखि पक्की सडक (जोमसोम-कोरला सडक) सम्म ढलान/पिच योजना, जोमसोम | घरपझोङ गा.पा.-४ | २०००००० | २०००००० |
| ३२ | ढुम्बा स्कुल मुनि तथा लाप्राङमा ढल निर्माण, घरपझोङ-५ | घरपझोङ गा.पा.-५ | ५००००० | ५००००० |
| ३३ | ठिनी ४ नं. टोल ढल निकास | घरपझोङ गा.पा.-५ | ३००००० | ३००००० |
| ३४ | ठिनी छपनी ढुङ्गा बिछ्याउने, ठिनी | घरपझोङ गा.पा.-५ | ४०००००० | ४०००००० |
| ३५ | शौचालय निर्माण, घरपझोङ-३, स्याङ | घरपझोङ गा.पा.-३ | २३९२३९ | २३७४१६ |
| ३६ | जोमसोम बाल उद्यान सौन्दर्यकरण, जोमसोम | घरपझोङ गा.पा.-४ | ४००००० | २८५२३९ |
| ३७ | छैरो आ.वि.मा वेड/फर्निचर व्यवस्थापन | घरपझोङ गा.पा.-१ | ५००००० | ५००००० |
| ३८ | जनमुक्ति युवा क्लबको भवन तथा शोचालय मर्मत | घरपझोङ गा.पा.-5 | ४००००० | ३६३७८४ |
| ३९ | साविक जोमसोम ८ मा ढल निकास | घरपझोङ गा.पा.-४ | २५०००० | १६००४० |
| ४० | छैरो सामुदायिक भवनमा सेफ्टीक टेङ्क निर्माण | घरपझोङ गा.पा.-१ | २५०००० | २४९०१० |
| ४१ | जोमसोम स्वास्थ्य चौकी मर्मत सुधार | घरपझोङ ग.पा.-५ | ३००००० | २९७३०९ |
| ४२ | वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा सोलर ब्याकअप व्यवस्थापन | घरपझोङ ग.पा. | १०००००० | ८९८४५३ |
| ४३ | गाउँपालिका क्षेत्रभित्र सिसिटीभि जडान | घरपझोङ ग.पा. | १०००००० | ९९४७३९ |
| ४४ | मार्फा छैरो जाने बेलिबृज निमार्ण योजना | घरपझोङ ग.पा.-१,२ | ८७००००० | ६१४२७९३ |
| ४५ | आर.सि.सि. गर्ने योजना | घरपझोङ ग.पा.-३ | ३६५३९९ | ३५६५८३ |
| ४६ | वडा नं. १,३,५, मार्फा स्वास्थ्य चौकी, जोमसोम स्वास्थ्य चौकीको शौचालय मर्मत तथा ढल र अन्य कार्य | घरपझोङ ग.पा.-१,३,५ | ६६५००० | ५३९२५१ |
| ४७ | पक्की पुल देखि पूर्ण थकालीको घर पछाडी सम्मको ढल, सरसफाई तथा स्लेब निर्माण | घरपझोङ ग.पा.-४ | ५००००० | ५००००० |
| ४८ | खालाधुङ ढुङ्गेघर संरक्षण तथा पर्यटकीय स्थलको रुपमा विकास गर्ने कार्यक्रम | घरपझोङ ग.पा.-४ | २३००००० | १७०८५३९ |
| ४९ | प्रशासनिक भवन अगाडी पार्क निर्माण, ढुङ्गेधारा समेत | घरपझोङ ग.पा. | ९२५००० | ९२२६०२ |
| ५० | गाउँपालिका भवन देखि मातृचक्र उद्यान जोड्ने सडक स्तरोन्नती तथा मातृचक्र मर्मत संभार | घरपझोङ ग.पा.-४ | ५००००० | २२७६४२ |
| ५१ | जोमसोम गाउँको भित्री सडकहरुमा ढल निकास तथा खानेपानी पाईपलाईन व्यवस्थापन गर्ने | घरपझोङ ग.पा.-४ | ९०००००० | ६१९४१४७ |
| ५२ | मार्फा-छैरो कालीगण्डकी तट्बन्ध निर्माण | घरपझोङ ग.पा.-१,२ | ६०००००० | ४३९९१३८ |
| ५३ | अध्यक्ष सँग जनता कार्यक्रम | घरपझोङ ग.पा. | ३०००००० | २३३१७२४ |
| ५४ | उपाध्यक्ष सँग जनता कार्यक्रम | घरपझोङ ग.पा. | २०००००० | १८२३००० |
| | | जम्मा | | ६४४३४७७५ |

मोहन सिंह लालचन
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ४ :-

समीक्षा गोष्ठी सम्बन्धमा ।

निर्णय नं. ४ :-

गाउँपालिकाले गत आ.व. २०८२।८३ मा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको वार्षिक समीक्षा गोष्ठी मिति २०८३।४।१७ गते आइतवारका दिन आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ५ :-

मातृ तथा बाल स्वास्थ्य कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. ५ :-

नेपाल सरकार र जापान अन्तर्राष्ट्रिय सहयोग नियोगको सहयोगमा यस घरपझोङ गाउँपालिकामा सञ्चालन हुने मातृ तथा बाल स्वास्थ्य कार्यक्रमका बारेमा कार्यक्रममा संयोजक श्री पुष्पा थकालीले कार्यक्रम बारे जानकारी गराउनु भयो ।

प्रस्ताव नं. ६ :-

करारमा कार्यरत कर्मचारीहरुको करार म्याद सम्बन्धमा ।

निर्णय नं. ६ :-

यस घरपझोङ गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय, स्वास्थ्य संस्थाहरु, वडा कार्यालयहरुमा करारमा कार्यरत कर्मचारीहरु र जनहित मा.वि. जोमसोममा करारमा कार्यरत विद्यालय नर्सको करार म्याद, करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउने गरी २०८३, श्रावण १ गते देखि असोज मसान्त सम्म ३(तिन) महिनाको लागि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ७ :-

कर्मचारीहरुको जिम्मेवारी सम्बन्धमा ।

निर्णय नं. ७ :-

तपसिल बमोजिमका कर्मचारीहरुलाई निम्नानुसार क्षेत्र/विषय हेर्ने गरी सम्पर्क व्यक्ति तोक्ने तथा थप जिम्मेवारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | विषय/क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विकास सञ्ज्याल | प्रशासकीय अधिकृत (सातौं) | उद्योग शाखा प्रमुख तथा भूमी बैंक सम्पर्क (Focal) व्यक्ति (खाली तथा नापजाच नभएका सार्वजनिक जग्गाहरुको यकिन गर्ने र गाउँपालिकाको स्वामित्वमा ल्याउनका लागि प्रकृया अघी बढाउने) | |
| २ | श्री सविना शर्मा | कृषि अधिकृत (सातौं) | सहकारी सम्पर्क व्यक्ति | |

०८३।०४।०१

[illegible]

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ८ :-

उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि (SOP) र सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि (SOP) सम्बन्धमा ।

निर्णय नं. ८ :-

उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि (SOP) र सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि (SOP) लाई अध्ययनका लागि गाउँ कार्यपालिका सदस्यहरुलाई वितरण गर्ने र आगामी बैठकमा छलफलको लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ :-

गा.पा.अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीचको कार्यसम्पादन सम्झौता सम्बन्धमा ।

निर्णय नं. ९ :-

यस घरपझोङ गाउँपालिकाका अध्यक्ष श्री मोहन सिंह लालचन र प्रमुख प्रशासकीय अधिकृत श्री भिम कुमार बस्नेत बीच आगामी आर्थिक बर्ष २०८३।८४ को लागि कार्यसम्पादन सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो । साथै प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाका सबै शाखा/इकाई प्रमुखहरु सँग र शाखा प्रमुख र शाखा अन्तर्गत अन्य कर्मचारीहरु सँग समेत कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० :-

शिक्षा योजना सम्बन्धमा ।

निर्णय नं. १० :-

गाउँपालिकाको शिक्षा शाखाले तयार गरेको गाउँपालिकाको शिक्षा योजनालाई अध्ययनको लागि गाउँ कार्यपालिका सदस्यहरुलाई वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ११ :-

सार्वजनिक स्थानमा निशुल्क वाइफाइ (Free Wifi) सेवा उपलब्ध गराउनका लागि Wifi जडान गर्ने सम्बन्धमा ।

निर्णय नं. ११ :-

गाउँपालिका क्षेत्र भित्र पर्यटकको भिडभाड हुने स्थानहरु, पर्यटकीय क्षेत्रहरु र आवश्यक देखिएका क्षेत्रहरुमा free wifi सेवा उपलब्ध गराउने गरी free wifi zone तयार गर्नको लागि इन्टरनेट नेटवर्क जडान गर्ने सम्बन्धमा कार्यालयले प्रस्ताव तयार गरी आगामी गाउँ कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १२ :-

कर/राजश्व संकलन सम्बन्धमा ।

मोहन सिंह लालचन
अध्यक्ष

०८३।०४।०१
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १२ :-

गत आ.व. २०८२।८३ को कर/राजस्व बुझाउनका लागि भिडभाड हुने समय अनलाईन/सफ्टवेयर कर/राजस्व संकलन गर्ने सम्बन्धी सफ्टवेयरमा समस्या उत्पन्न भई कर बुझाउन छुट भएका करदाताहरुलाई कर बुझाउनका लागि २०८३।४।१० गते सम्म म्याद थप गर्ने र उक्त समय अवधि भित्र छुट भएका करदाताहरुले कर बुझाउँदा विलम्ब शुल्क नलाग्ने सर्वसम्मत निर्णय गरियो । साथै चालु आ.व.को आर्थिक ऐन, २०८३ मा उल्लेख भएको व्यहोरा : सबै प्रकारका वार्षिक कर तथा शुल्कमा आर्थिक वर्षको भाद्र मसान्तसम्ममा तिर्न आएमा १०% र पौष मसान्त भित्र तिर्न आएमा ५% छुट दिने उल्लेख भएको हुँदा तहाँ वडा अन्तर्गत सबै करदाताहरुलाई सूचना प्राप्त हुने गरी प्रचार प्रसार गरिदिने व्यवस्था मिलाउनका लागि सबै वडा कार्यालयहरुमा अनुरोध गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १३ :-

गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गिकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ सम्बन्धी जिससको पत्र सम्बन्धमा ।

निर्णय नं. १३ :-

जिल्ला समन्वय समितिको च.नं.१६, मिति २०८३।०३।२५ गतेको गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गिकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ सम्बन्धमा छलफल हुँदा मुस्ताङ जिल्लाका स्थानीय तहहरुको अन्तरपालिका समन्वय बैठकमा छलफल गरी निर्णय लिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १४ :-

LED Display Board सम्बन्धमा ।

निर्णय नं. १४ :-

यस घरपझोङ गाउँपालिका, ३ नं. वडा कार्यालयको च.नं.६०० मिति २०८३।३।३१ को पत्र अनुसार उक्त वडाको स्याङमा कालीगण्डकी कोरिडोर सँग जोडिएको निलगिरी चोकमा पर्यटकहरुको लागि रिफ्रेस सेन्टरको आवश्यक भौतिक संरचनाहरु निर्माण भईसकेको र त्यस ठाउँमा पर्यटन सम्बन्धी सूचना प्रवाह गर्न र बिहानको समयमा एयरपोर्ट र आसपासका बासिन्दाहरुलाई खुला व्यायामको लागि जुम्बा सञ्चालन गर्न LED display board को माग गरेको हुँदा हाल गाउँ कार्यपलिकाको कार्यालयको मुख्य गेटको पशिचम तर्फ रहेको सानो LED display board वडाले आवश्यकता अनुसार प्रयोग गर्ने गरी ३ नं. वडा कार्यालयलाई जिम्मा दिने सर्वसम्मत निर्णय गरियो ।

०८३/०४/०१

प्रमुख प्रशासकीय अधिकृत

मोहन सिंह लालचन
अध्यक्ष

प्रस्ताव नं. १५ :-

कृषि अनुदान कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. १५ :-

यस गाउँपालिकाबाट गाउँपालिका अन्तर्गतका कृषकहरुलाई अनुदानमा (अनुदान सहभागिता) वितरण हुने कृषि सँग सम्बन्धित मल बिउँबिजन, ब्लक खनिज तेल वितरण, औजार/उपकरणहरु वितरण गर्दा कृषक सूचीकरणमा दर्ता भएका कृषकहरु र गाउँपालिकाले तोकेको कर/राजश्व नियमित रुपमा समयमा बुझाउने कृषकहरुलाई प्राथमिकता दिई अनुदान उपलब्ध गराउने/वितरण गर्ने व्यवस्था मिलाउनका लागि कृषि विकास शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १६ :-

चिमाङको सिंचाई कुलोमा बर्षाको पानीले पुर्‍याएको क्षतिको मर्मत सम्बन्धमा ।

निर्णय नं. १६ :-

२०८२ साल असार २६ गते राति परेको अविरल बर्षाका कारण चिमाङ गाउँको सिंचाई कुलोको [illegible] टयाङ्कीको सपोर्टमा क्षति पुर्‍याएको हुँदा उक्त टयाङ्कीको सपोर्ट मर्मत गर्नका लागि प्राविधिकको लागत अनुमानबाट आवश्यक देखिएको विभिन्न साइजको ४० थान ग्याबियन बक्स गाउँपालिकाबाट उपलब्ध गराउने र ग्याबियन बक्स भर्ने लगायत अन्य कामको लागि प्राविधिकको लागत ईस्टिमेट अनुसार रु.१,३२,२९४।८० लाग्ने देखिएको हुँदा उक्त रकम गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १७ :-

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।

निर्णय नं. १७ :-

यस घरपझोङ गाउँपालिकाको संगठन संरचना तथा दरबन्दी सिर्जना तथा पुनरावलोकनको कार्य, कार्यप्रकृति, कार्यबोझ र औचित्यका आधारमा वस्तुपरक बनाउन, संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम गर्न गराउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत